# संविधानसभा/व्यवस्थापिका-संसद्को बैठकमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७२/७३ को नेपाल सरकारको नीति तथा कार्यक्रम

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**सिंहदरवार, काठमाडौं ।**
www.opmcm.gov.np

सम्वत् २०७२ आषाढ २३ गते बुधबार

# आर्थिक वर्ष २०७२/७३ को नेपाल सरकारको नीति तथा कार्यक्रम

**सभामुख महोदय,**

१. नेपाली जनताको ताजा अभिमतबाट गठित संविधानसभा/व्यवस्थापिका-संसदमा नेपाल सरकारको आर्थिक वर्ष २०७२/७३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु । यस अवसरमा म नेपाली जनताको आफ्नो संविधान आफैं लेख्ने चाहना र अभिलाशालाई पुरा गर्न सहादत प्राप्त गर्नु हुने अमर सहिदहरु र गत बैशाख १२ गतेको विनासकारी भूकम्प तथा त्यसपछिको परकम्पमा परी जीवन गुमाउँनु हुँने दिवंगत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछु । घाइते हुनु भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. भूकम्प पछि तत्काले खोज, उद्धार र राहतका कार्य अगाडि बढाई अत्यावश्यक राहत सामग्रीको आपूर्ति सुनिश्चित गर्न सरकारले आफ्नो क्षमताले भ्याएसम्म कुनै कसर बाँकी राखेन । क्षतिग्रस्त आधारभूत सेवा, विद्युत, सञ्चार, अस्पताल, खानेपानी, सडक, पुल लगायतका संरचनाहरुको मर्मत संभार गरी सेवा सुचारु गराइयो । यस महाविपत्तिमा आफ्नो जीउ ज्यानको परवाह नगरी चौबिसै घण्टा सेवा प्रवाहमा खटिने सम्पूर्ण राष्ट्रसेवक, संघसंस्था, राजनीतिक दल, सर्वसाधारण महानुभाव तथा उदार हृदयका साथ छिमेकी एवं अन्य मित्रराष्ट्रको सहयोग र सद्भावको उच्च प्रशंसा गर्दै धन्यवाद दिन्छु ।

३. यसबीच संविधान निर्माणका लागि हालै विकसित भएको राजनीतिक सहमति र तदनुरुप शुरु गरिएको संविधान निर्माणको कामले देश भित्र र बाहिर रहेका नेपाली जनता र विदेशी मित्रहरुमा आशा र विश्वास जगाएको छ । विनासकारी भूकम्पपछि राष्ट्रिय पुनर्निर्माण र संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको कार्यलाई संगै लैजाने गतिशील प्रयत्नलाई म हार्दिक सराहना गर्दछु । अब यथाशीघ्र नेपाली जनता आफैंले निर्माण गरेको संविधान प्राप्त गर्नेछन् भन्नेमा म दृढ विश्वस्त छु ।

४. भूकम्पबाट भएको क्षतिको पाँच वर्षभित्र पुनर्निर्माण गरिसक्ने गरी पुनर्निर्माण प्राधिकरण अध्यादेश जारी भइसकेको छ । **"नेपालको पुनर्निर्माणको लागि अन्तरार्ष्ट्रिय सम्मेलन"**मा मित्रराष्ट्र तथा दातृ संस्थाहरुले उदारतापूर्वक सहयोगको घोषणा गरेका छन् । प्राप्त हुने सहयोगलाई समेत सदुपयोग गर्दै समयमै पुनर्निर्माण कार्य सम्पन्न गर्ने गहन जिम्मेवारी हामी सबैको काँधमा आएको छ । यस जिम्मेवारीलाई सरकारले प्रभावकारी ढङ्गले वहन गर्नेछ ।

५. विपद्बाट भएको क्षतिको दिगो पुनस्थापना र पुनर्निर्माण हाम्रो लागि ठुलो चुनौती हो । यो चुनौती सामना गर्न क्षतिको मूल्याङ्कन गरी पुनस्थापना र पुनर्निर्माणको तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । हामी भूकम्पीय जोखिमयुक्त भूगोलमा बस्ने भएकोले आगामी दिनहरूमा यस किसिमको विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक नीतिगत, संस्थागत व्यवस्थाका साथै सो बमोजिम कार्यक्रमहरु तर्जुमा गरी राष्ट्रव्यापीरुपमा कार्यान्वयन गरिनेछ ।

६. भूकम्पबाट क्षति भएका सरकारी भवन तथा आवास, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी एवं सरसफाई, सडक, विद्युत, औद्योगिक प्रतिष्ठान र स्थानीय निकायका संरचनाहरुको भूकम्प प्रतिरोधी प्रविधि अवलम्वन गरी मर्मत तथा पुनर्निर्माण सम्पन्न गरी सेवा प्रवाहलाई सुचारु गरिनेछ । भूकम्पबाट अति प्रभावित क्षेत्रमा जिविकोपार्जनका अवसर तथा बजार पहुँच समेतमा आधारित बस्ती एकीकरण योजना लागु गरिनेछ । भूकम्पको क्षति तथा भविष्यमा आँउन सक्ने प्राकृतिक प्रकोपलाई सामना गर्न सुरक्षा निकायहरुको विपद् व्यवस्थापन क्षमता अभिबृद्धि गरिनेछ ।

७. पर्यटन क्षेत्रलाई भूकम्प पूर्वको अवस्थामा फर्काई आकर्षक तथा सुरक्षित पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न पुरातात्विक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरुको प्राथमिकतामा पुनर्निर्माण, संरक्षण र सम्बर्द्धन गरिनेछ ।

८. देशभरका भूकम्प प्रतिरोध नभएका सार्वजनिक तथा निजी संरचनालाई अभियानका रुपमा भूकम्प प्रतिरोधात्मक बनाउँने र आगजनीबाट सुरक्षित रहने संरचनाको निर्माणलाई समेत अभियानको रुपमा सञ्चालन गरिनेछ । पुनर्निर्माणको कार्य सम्पन्न गर्न सरकारी र निजी लगानीलाई संयुक्त रुपमा अगाडि बढाइँनेछ । यस किसिमको पुनर्निर्माणका लागि स्वदेशी प्रविधि र कच्चा सामग्रीको प्रयोगलाई प्राथमिकता दिइँनेछ ।

**सभामुख महोदय,**

९. विस्तृत शान्ति सम्झौता अनुरुप संक्रमणकालीन न्यायलाई पूर्णता दिनका लागि लामो समयदेखि गठन हुन नसकेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भई दुवै आयोगले आफ्नो काम थाली सकेका छन् । यी दुवै आयोगलाई कार्यसम्पादन गर्न आवश्यक सबै सहयोग पुऱ्याइनेछ । यसबाट शान्ति प्रक्रियाका बाँकी कार्यहरु सम्पन्न गर्न सहज हुनेछ । लामो समयदेखि हुन नसकेको स्थानीय निकायको निर्वाचन यसै आर्थिक वर्ष भित्र गरिनेछ ।

१०. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । अनियमित कार्य हुन सक्ने जोखिममा रहेका निकाय तथा क्षेत्रहरु पहिचान गरी भ्रष्टाचार नियन्त्रणका प्रवर्द्धनात्मक तथा निरोधात्मक सबै उपायहरु अवलम्बन गरिनेछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई स्रोतसाधन तथा आधुनिक प्रविधियुक्त बनाउँनुका साथै, राष्ट्रिय सतर्कता केन्द्रको संस्थागत क्षमता अभिबृद्धि गरिनेछ । विकास आयोजनाहरुको प्राविधिक परीक्षण गर्न केन्द्रको आफ्नै सुविधा सम्पन्न प्रयोगशाला स्थापना गरी निर्माण कार्यको गुणस्तर जाँच गरिनेछ ।

११. सार्वजनिक लेखापरीक्षणको विश्वसनीयता बढाउन र सूचना प्रविधिमा आधारित लेखापरीक्षण प्रणाली अवलम्वन गर्न आवश्यक पर्ने पूर्वाधार एवं संस्थागत व्यवस्था गरिनेछ ।

१२. सबै संवैधानिक निकायहरुको संस्थागत क्षमता अभिबृद्धि गर्नुका साथै आवश्यक पर्ने साधन-स्रोतको व्यवस्था गरिनेछ ।

१३. नेपाललाई सन् २०२२ भित्र अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्यका साथ आवश्यक नीति तथा कार्यक्रमलाई पुनरावलोकन गर्दै सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको राष्ट्रको स्तरमा लैजाने गरी दूरदृष्टि, २०३० तर्जुमा गरी कार्यान्वयन गरिनेछ । चालू तेह्रौं योजनाको समीक्षा गर्दै आगामी दिनमा न्यायपूर्ण, संवृद्ध र आधुनिक नेपाल निर्माणका लागि चौधौं आवधिक योजनाको तर्जुमा गरिनेछ ।

१४. आगामी आर्थिक वर्षको बजेटलाई आर्थिक बृद्धिलाई सघाउँने गरी भूकम्पले पुर्‍याएको क्षतिको पुनर्निर्माण, उर्जा, भौतिक पूर्वाधार विकास, कृषिको व्यावसायीकरण, औद्योगिक विकास, पर्यटन प्रवर्द्धन, रोजगारी सृजना र सामाजिक विकास तर्फ केन्द्रित गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययन विना बजेट विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै निर्माणपूर्वका चरणहरू पूरा गरेका आयोजनाहरूको लागि मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ । विगतदेखि कार्यान्वयनमा रही अधुरो रहेका आयोजनाहरुलाई समयमै सम्पन्न गर्न जोड दिइँनेछ ।

१५. अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा भूकम्पका कारण परेको प्रभाव र शिथिलतालाई सामान्यीकरण गर्दै अर्थतन्त्रलाई पुन:गतिशील बनाउँन सार्वजनिक-निजी साझेदारी तथा सहकारी र समुदायमा आधारित जनसहभागिताको अवधारणालाई कार्यान्वयनमा ल्याइँनेछ । राष्ट्रिय गौरवका र ठूला आयोजनाहरूमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरी आयोजनाहरूको कार्यान्वयन क्षमता बृद्धि गरिनेछ । विद्युत, सडक,

खानेपानी लगायतका पूर्वाधार निर्माणमा देखिएका जग्गा प्राप्ति, मुआब्जा र क्षतिपूर्ति जस्ता समस्याहरु समाधान गर्न आवश्यक कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याईँनेछ ।

१६. उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सुझावहरु क्रमशः कार्यान्वयन गरिनेछ । स्वेच्छिक कर सहभागिताको प्रवर्द्धन गर्दै करको आधार विस्तार गर्न राजश्वका नयाँ क्षेत्रको पहिचान र दायरा विस्तार गरिनेछ । सम्पत्ति सुद्धीकरण सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७. सार्वजनिक संस्थानहरुको कार्यसम्पादनमा सुधार गरी मिल्दोजुल्दो प्रकृतिका संस्थानहरुलाई एक आपसमा गाभिनेछ । सञ्चालनमा नरहेका सार्वजनिक सस्थानहरुको जग्गा उपयोग गरी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।

१८. भूकम्पबाट घर क्षति भएका परिवारलाई पुनर्निर्माणका लागि सहुलियत व्याजदरमा ऋण उपलब्ध गराईँनेछ । प्रभावित क्षेत्रमा ऋणको सीमा, ऋणीको आर्थिक अवस्था र क्षति समेतको आधारमा व्याज र ऋण भुक्तानी तालिकाको पुनसंरचना गरिनेछ ।

१९. पुनर्निर्माण र पुनर्स्थापनामा अनुत्पादक खर्च नियन्त्रण गर्दै पारदर्शिता र वित्तीय उत्तरदायित्व सुनिश्चित गरिनेछ । यसका लागि आयोजना स्वीकृति, बजेट निकासा, लेखापालन, खर्चको प्रतिवेदन, अनुगमन तथा मूल्यांकन र लेखापरीक्षणको प्रभावकारी व्यवस्था मिलाईँनेछ ।

२०. भूकम्प तथा अन्य प्रकोप पश्चात् हुने विशेष परिस्थितिमा पुनर्निर्माणको लागि खरिद प्रकृया सरल, पारदर्शी र विश्वसनीय बनाईँनेछ । विद्युतीय खरिद प्रणालीलाई सुदृढ गरी सार्वजनिक खरिदको व्यवस्थापनमा विद्युतीय सूचना सम्प्रेषण पद्धतिको विकास गरिनेछ ।

२१. सरकारी वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउँन नेपाल सार्वजनिक क्षेत्र लेखामान केन्द्रीय स्तरका निकायहरुमा क्रमशः कार्यान्वयन गरिनेछ । काठमाडौं उपत्यका भित्र लागु गरिएको राजश्व व्यवस्थापन सूचना प्रणालीलाई थप जिल्लाहरुमा विस्तार गरिनेछ । कम्प्युटर प्रणालीमा आधारित लेखा प्रणालीलाई नेपाल सरकारका सवै निकायहरुमा लागु गरिनेछ ।

२२. बढ्दो चालु खर्चलाई नियन्त्रण गर्न सञ्चालन खर्चमा कटौती गरिनुका साथै सार्वजनिक खर्चको दीर्घकालीन दायित्व कम गरिनेछ । यसलाई अनुमानयोग्य बनाउँनका लागि नयाँ नियुक्त हुने निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शिक्षक लगायत अन्य सार्वजनिक निकायमा कार्यरत सम्पूर्ण कर्मचारीका लागि योगदानमा आधारित निवृत्तभरण प्रणाली यसै वर्ष लागु गरिनेछ ।

**सभामुख महोदय,**

२३. मुलुकको राष्ट्रिय आवश्यकतालाई प्राथमिकता दिंदै जलस्रोत क्षेत्रको एकीकृत व्यवस्थापन तथा बेसिन अवधारणाको आधारमा कोशी, गण्डकी, कर्णाली तथा महाकाली बेसिनका जलविद्युत विकास गुरुयोजनाहरुलाई अधिकतम प्रतिफल हासिल हुने गरी अद्यावधिक गरिनेछ । जलश्रोतको एकीकृत एवं दिगो विकासका लागि जलश्रोत ऐनलाई समयानुकुल संशोधन गरिनेछ । नेपाल विद्युत प्राधिकरणको पुन:संरचना गरिनेछ । प्रसारण लाइनको निर्माण कार्यमा निर्माण र हस्तान्तरण मोडल अनुरुप निजी क्षेत्रलाई समेत समावेश गराईंनेछ । जल तथा उर्जा आयोगलाई पुन:संरचना गरी अधिकार सम्पन्न बनाईंनेछ ।

२४. अन्तरदेशीय प्रसारण लाइन गुरुयोजना तयार गरिनेछ । **"जनताको विद्युत जनताकै लगानी"**को अवधारणामा सार्वजनिक, स्थानीय निकाय, सहकारी, निजी साझेदारीमा स्थानीय जनताको स्वामित्व तथा अपनत्व हुने गरी जलविद्युत उत्पादनमा लगानी गर्न प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइँनेछ ।

२५. विद्युत आपूर्तिको लागि बहुउद्देश्यीय र जलाशययुक्त विद्युत आयोजनाहरुको पहिचान, अध्ययन तथा विकासलाई प्राथमिकता दिइँनेछ । बाह्र सय मेगावाट क्षमताको बुढीगण्डकी जलाशययुक्त आयोजनाको निर्माण कार्य प्रारम्भ गरिनेछ । त्यसैगरी चारसय दश मेगावाट क्षमताको जलाशययुक्त नलसिंहगाड जलविद्युत आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । नौमुरे बहुउद्देश्यीय परियोजनालाई संस्थागत संरचनामा लगिनेछ ।

२६. निर्माणाधीन विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्ने व्यवस्था गरिनेछ । थप नयाँ विद्युत आयोजनाहरुको अध्ययन तथा डिजाइन कार्य अगाडि बढाइँनेछ । विद्यमान विद्युत केन्द्रहरु पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मत संभार गर्ने तथा ग्रीड र सौर्य उर्जाको समेत विकास गरी लोडसेडिङ्गलाई आगामी सुख्खा याममा अधिकतम दैनिक ८ घण्टामा सीमित गरिनेछ ।

२७. विद्युतको सहज आपूर्तिको लागि नवीकरणीय वैकल्पिक उर्जाको विकासमा जोड दिइँनेछ । सुख्खा याममा विद्युत आपूर्ति सहज बनाउँन चिनी मिलबाट उत्पादन हुने विद्युतको समेत उपयोग गरिनेछ।

२८. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गरिनेछ । कृषिको विशिष्टीकरण र व्यवसायीकरणमा जोड दिंदै सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहन गरिनेछ ।

२९. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, गरीब, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका समुदायलाई सहकारी व्यवसायमार्फत जीविकोपार्जनको कार्यमा लगाउँन **सरकार सहकारी साझेदारी**मा फलफूल, कृषि, पशुपालन, मत्स्यपालन जस्ता उद्योगहरुको स्थापना र सञ्चालन गर्ने सहकारीहरुलाई पुंजीगत अनुदाँन उपलव्ध गराइँनेछ ।

३०. फलफूल तथा तरकारीको आयात प्रतिस्थापन गर्न उत्पादन बृद्धि तथा शीत भण्डार निर्माण गरिनेछ । तराईका १२ जिल्लालाई धान उत्पादनका लागि विशेष पकेट क्षेत्र घोषणा गरी चामल आपूर्तिमा आत्मनिर्भर हुने आधार तयार गरिनेछ । राउटे, चेपाङ्ग, मुसहर तथा भूमिहीन, मुक्त कमैया, हलिया, कमलरी लगायतका सीमान्तकृत युवालाई लक्षित गरी व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ । व्यावसायिक खेतीमा युवाहरुलाई आकर्षित गर्न कृषिमा सहुलियत तथा अनुदाँनको व्यवस्था गरिनेछ । राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई विस्तार गरिनेछ ।

३१. प्राङ्गारिक मलको उपयोगमा बृद्धि गरिनेछ । कृषि चुन कारखाना स्थापना गर्न चाहँने कम्पनीलाई अनुदाँन उपलब्ध गराई माटोको अम्लियपनामा सुधार ल्याइँनेछ । मत्स्यपालनका लागि तराईका जिल्लामा लागत साझेदारीमा पोखरी निर्माण गरिनेछ ।

३२. भूमिस्रोतको दीगो उपयोग गर्न आगामी पाँच वर्षभित्र पचहत्तरवटै जिल्लाको भू-उपयोग नक्सा तयार गरिनेछ । नवीनतम प्रविधि अवलम्वन गरी नापनक्सा कार्यमा शुद्धता बृद्धि गरिनेछ । भूमि प्रशासनसँग सम्बन्धित सेवाहरु अनलाइन प्रविधि मार्फत प्रवाह गर्ने व्यवस्था मिलाइँनेछ । भूमि सम्बन्धी कानून ल्याइँनेछ । भूकम्पले क्षति पुऱ्याएका स्थलरुप नापी नियन्त्रण बिन्दुहरु पुनस्थापना र स्तरोन्नति गरिनेछ ।

३३. कृषिका लागि सिंचित क्षेत्रको विस्तार गरी वर्षै भरी भरपर्दो सिंचाइ सेवाका लागि अन्तर जलाधार जल स्थानान्तरण तथा जलाशययुक्त बहु-उद्देश्यीय परियोजनाहरुको निर्माणमा जोड दिइँनेछ । सुनकोशी-कमला, सुनकोशी-मरिन, काली गण्डकी-तिनाउ, ठूलीगाड-कैलाली र कन्काई उच्चबाँध परियोजनाहरुको विस्तृत अध्ययन तथा परियोजना प्रस्ताव तयार गरिनेछ । मझौला, लिफ्ट तथा ट्यूवेल सिंचाई आयोजना, कर्णाली र सेती महाकाली सिंचाइ विकास कार्यक्रम, महाकाली सिंचाई आयोजनाको तेस्रो चरण कार्यान्वयन अगाडि बढाउँनुका साथै सिक्टा, रानी जमरा कुलरिया र बबई सिंचाइ आयोजनाको निर्माण कार्यलाई शीघ्र सम्पन्न गर्ने गरी निरन्तरता दिइँनेछ । भेरी कोरिडोर बहुउद्देश्यीय विकास कार्यक्रम र भेरी-बबई डाइभर्सन आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिइँनेछ ।

३४. कोशी पम्प नहर, चन्द्र नहर, कमला, वागमती, नारायणी लिफ्ट, गण्डक पश्चिम नहर तथा वाणगङ्गा सिंचाइ योजनाहरुको पुनर्स्थापना कार्य अघि बढाइँनेछ ।

३५. गत वर्ष मध्यपश्चिमाञ्चल र सिन्धुपाल्चोकको जुरेमा गएको बाढी पहिरोबाट क्षतिग्रस्त क्षेत्रहरुको पुनःस्थापना तथा जोखिमयुक्त वस्ती संरक्षण कार्य सम्पन्न गरिनेछ । सुस्ता क्षेत्रको संरक्षण गर्नुका साथै पुल निर्माण गर्ने कार्यलाई अगाडि बढाइँनेछ ।

## सभामुख महोदय,

३६. वन नीति, २०७१ ले निर्दिष्ट गरे बमोजिमका स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३७. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन एवं नियन्त्रण गर्न कानून तर्जुमा गरिनेछ । वन्यजन्तुहरुको व्यवस्थापन र संरक्षण गर्न प्राणी उद्यान एवं पुनस्थापना केन्द्र स्थापना गरिनेछ । साथै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने खालका संरचना तयार गरी राहत वितरणलाई सरल र प्रभावकारी बनाइँनेछ ।

३८. वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ । सामुदायिक, कवुलियती, साझेदारी, संरक्षित, मध्यवर्ती सामुदायिक तथा धार्मिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापनको विकास तथा विस्तार गरिनेछ । तराई-मधेश तथा मध्य पहाडमा खेती गर्न छोडिएका निजी तथा सार्वजनिक जग्गाहरुमा कृषि वन विकास कार्यक्रम ल्याइँनेछ । **राष्ट्रपति चुरे तराई-मधेश संरक्षण कार्यक्रम**लाई थप प्रभावकारी बनाउँन र चुरे, तराई-मधेश क्षेत्रको एकीकृत रुपमा दिगो व्यवस्थापन गर्न चुरे क्षेत्रको गुरुयोजना तयार गरी कार्यान्वयन गरिनुका साथै यसका लागि छुट्टै कानूनको तर्जुमा गरिनेछ ।

३९. जलवायु परिवर्तन, प्राकृतिक विपत्ति, वनविनाश, प्रदूषण तथा मरुभूमीकरणबाट मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक प्रभावहरु न्यूनीकरण गरिनेछ । मौसम पूर्वानुमान तथा बाढी भविष्यवाणी प्रणालीलाई वैज्ञानिक र भरपर्दो बनाइँनेछ ।

४०. स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई एकै स्थानबाट सबै सेवा उपलब्ध गराउँन एकल विन्दु सेवा केन्द्रको स्थापना गरिनेछ । रुग्ण उद्योग पुनः सञ्चालन र पुनर्व्यवस्थापनको व्यवस्था मिलाइँनेछ । कम्पनी ऐन, गुणस्तर तथा नापतौल ऐन र खानी ऐनमा सामयिक संशोधनको गरिनेछ ।

४१. सम्भाव्यताका आधारमा नयाँ औद्योगिक क्षेत्र तथा करिडोरको विकास गरिनेछ । भैरहवा विशेष आर्थिक क्षेत्रलाई सञ्चालनमा ल्याउँनुका साथै सिमरा र पाँचखाल विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइँनेछ । निजी क्षेत्रले आफैं जग्गा व्यवस्थापन गरेमा औद्योगिक क्षेत्रका लागि न्यूनतम पूर्वाधार निर्माण गर्न सहयोग गरिनेछ।

४२. नेपाली कला र संस्कृति झल्किने वस्तुको उत्पादन बृद्धि गरी निर्यात प्रवर्द्धनलाई प्रोत्साहित गरिनेछ । सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोगलाई जोड दिइँनेछ ।

४३. युवा उद्यमशिलता र औद्योगिक जनशक्ति विकास विशेष कार्यक्रम मार्फत युवाहरुलाई स्वदेशमै उद्यम गर्न प्रोत्साहन गरिनेछ । **लघुउद्यम विकास कार्यक्रम**लाई विस्तार गरिनेछ ।

४४. राष्ट्रिय भूकम्पमापन केन्द्रलाई भौतिक पूर्वाधार तथा आधुनिक उपकरणबाट सुसज्जित गराईंनेछ । भूकम्प प्रभावित जिल्लाहरुमा परेको भूकम्पीय प्रभाव अध्ययन अनुसन्धान तथा पुनर्वास क्षेत्रको भू-इन्जिनियरिङ्ग अध्ययन गरिनेछ । नेपालको भौगर्भिक बनौट, तथा चट्टानको नमूना सहितको भौगर्भिक संग्रहालयको निर्माण कार्य शुरु गरिनेछ ।

४५. वस्तु र सेवाको उत्पादन बृद्धि गरी निर्यात प्रवर्द्धन मार्फत् ब्यापार घाटा कम गरिनेछ । नेपाल एकीकृत व्यापार रणनीति, २०१० मा समसामयिक सुधार गरी निर्यात हुने वस्तु तथा सेवाहरुको गुणस्तर सुधारमा जोड दिइँनेछ । निर्यातमा नगद प्रोत्साहनलाई समयानुकूल पुनरावलोकन गरिनेछ ।

४६. सिन्धुपाल्चोकको लार्चामा सुख्खा बन्दरगाहको निर्माण यथाशीघ्र सम्पन्न गर्नुका साथै रसुवाको टिमुरेमा जग्गा प्राप्ति गरी सुख्खा बन्दरगाह निर्माण कार्यको थालनी गरिनेछ । काठमाडौंको चोभारमा कन्टेनर फ्रेट स्टेशन र अन्तर्राष्ट्रिय स्तरको व्यापार प्रदर्शनी स्थलको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

४७. दुर्गम स्थानमा उत्पादन हुने परम्परागत खाद्य बस्तुहरुको उत्पादन प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । दुर्गम र हिमाली जिल्लाहरुमा खाद्यान्न आपूर्तिको सहज व्यवस्था मिलाइँनेछ ।

४८. पेट्रोलियम पदार्थको आपूर्तिमा सहजता ल्याउँन अम्लेखगञ्ज-रक्सौल पेट्रोलियम पाइप लाइन निर्माण कार्य प्रारम्भ गरिनेछ । पेट्रोलियम पदार्थको आपूर्तिमा निजी क्षेत्रलाई समेत सहभागी गराइँनेछ । बढ्दो इन्धन आयातमा कमी ल्याउँन बायो डिजेल उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन दिइँनेछ ।

## सभामुख महोदय,

४९. **"एक परिवार एक सहकारी सदस्य"**को नीति कार्यान्वयनमा ल्याइँनेछ । एकै प्रकृतिका सहकारी संस्थाहरु एक आपसमा गाभ्न प्रोत्साहन गरिनेछ । सहकारी विभागलाई साधनस्रोतले सम्पन्न गराइँनेछ । वित्तीय सहकारी क्षेत्रको जोखिमलाई न्यून गर्न सदस्यहरुको निश्चित सीमासम्मको बचत तथा ऋण सुरक्षण गर्ने व्यवस्थाका साथै

**सहकारी बचत सुरक्षण कोष र सहकारी ऋण लगानी सुरक्षण कोष**को स्थापना गरिनेछ । उत्पादक सहकारीको विकासलाई जोड दिइँनेछ ।

५०. गरिव घरपरिवार पहिचान सर्वेक्षण सम्पन्न भएका २५ जिल्लामा गरिब घरपरिवार परिचयपत्र प्रदान गरिनेछ । बाँकी जिल्लामा सर्वेक्षण प्रारम्भ गरिनेछ ।

५१. हुम्ला र डोल्पा जिल्लाको सदरमुकामलाई आगामी आर्थिक वर्षमा राष्ट्रिय सडक सञ्जालमा जोडिनेछ । मध्यपहाडी लोकमार्ग, सेती-महाकाली लोकमार्ग, कालीगण्डकी, कोशी र कर्णाली कोरिडोर निर्माणलाई तिब्रता दिइँनेछ । राप्ती र भेरी कोरिडोरको संभाव्यता अध्ययन गरिनेछ । निर्माणाधीन सडक आयोजनालाई शीघ्र सम्पन्न गरिनेछ ।

५२. पूर्व-पश्चिम राजमार्गको केही खण्ड र पुलहरुलाई चार लेनमा विकसित गर्ने कार्य थालनी गरिनेछ । नारायणघाट-मुग्लिङ सडक खण्डको स्तरोन्नति गरिनेछ ।

५३. काठमाडौं-तराई-मधेश द्रुतमार्गको निर्माणकार्य शुरु गरिनेछ । हुलाकी राजमार्ग र त्यसमा पर्ने पुलको निर्माण कार्य शीघ्र सम्पन्न गरिनेछ । रानी-इटहरी-धरान, वीरगञ्ज-पथलैया, बेलहिया-बुटवल, कोहलपुर-नेपालगञ्ज र जटही-जनकपुर-ढल्केबर जस्ता व्यापारिक मार्गहरुलाई छ लेनमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइँनेछ । थानकोट-नागढुङ्गा सुरुङ्ग मार्गको विस्तृत परियोजना प्रस्ताव तथा सिद्धार्थ राजमार्गको बुटवल-दोभान खण्डको सुरुङ्ग मार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । लामोसाँघु-जिरी सडक खण्डको स्तरोन्नति गरिनेछ । बर्दिबास-जलेश्वर सड़कको डीपीआर तयार गरी निर्माण शुरू गरिनेछ । मिथिला क्षेत्र सडक सुधार एवं बृहत् जनकपुर परिक्रमा सडक निर्माण कार्य अघि बढाइँनेछ । सम्भावित प्रादेशिक सडक निर्माण कार्यलाई निरन्तरता दिइँनेछ । भूकम्पबाट क्षतिग्रस्त सडकहरुको प्राथमिकताका साथ मर्मत तथा निर्माण गरिनेछ ।

५४. काठमाडौं उपत्यका सडक विस्तार कार्यलाई निरन्तरता दिइँनेछ । पोखरामा चक्रपथ निर्माण कार्य शुरु गर्नुका साथै पोखरा उपत्यकाको विकास गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । सडक विस्तारको कार्यलाई अन्य प्रमुख शहरहरुमा समेत लागु गरिनेछ । पूर्व पश्चिम विद्युतीय रेलमार्गको बर्दिबास-सिमरा खण्ड निर्माण कार्यलाई निरन्तरता दिइँनेछ। मेट्रो रेल, मोनो रेल, रोपवे, केबुलकार र जलमार्गको सम्भाव्यता अध्ययन गरी निर्माण कार्यलाई निजी लगानीकर्ताहरुको समेत संलग्नतामा अगाडि बढाइँनेछ ।

५५. वातावरण मैत्री सवारी तथा यातायात नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइँनेछ । प्रचलित कानुन अनुसार दर्ता भएका सवारी साधनहरुलाई वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ । ठूला सार्वजनिक यातायातमा निश्चित मापदण्डका आधारमा आयातमा

सहुलियत दिने व्यवस्थालाई कार्यान्वयनमा ल्याइँनेछ । बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्न सवारी चालकलाई तालीम एवं सामाजिक सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## सभामुख महोदय,

५६. भूकम्प पश्चातको आवश्यकता समेतलाई विचार गरी सुरक्षित र दिगो वस्ती तथा सहरी विस्तारलाई टेवा पुऱ्याउँन भू-बनौट, क्षमता र उपयुक्तताको आधारमा काठमाडौं उपत्यका लगायत देशका अन्य स्थानमा **जोखिम संवेदनशील भू-उपयोग योजना** तयार गरी लागु गरिनेछ ।

५७. अत्यन्त पिछडिएका, विपन्न, दलित, लोपोन्मुख जाति र सीमान्तकृत समुदायहरुलाई लक्षित **"जनता आवास कार्यक्रम"** लाई लैंगिकमैत्री र समावेशी बनाई निरन्तरता दिइँनेछ । काठमाडौं उपत्यकाको एकीकृत भौतिक विकास र व्यवस्थापनका लागि **दीर्घकालीन रणनीतिक गुरुयोजना** तर्जुमा गरी कार्यान्वयनमा ल्याइँनेछ । काठमाडौं उपत्यका लगायत मुलुकका प्रमुख सहरहरुमा खुला स्थानमा बगैंचा निर्माण गरिनेछ । राष्ट्रिय भवन संहिता, २०६० मा पुनरावलोकन गरी सबै नगरपालिकाहरुमा लागु गरिनेछ ।

५८. प्यूठान, सूर्खेत र मध्य पहाडी लोकमार्गमा पर्ने दश स्थानहरु गरी बाह्र स्थानमा नमूना सहर विकास कार्यक्रमलाई निरन्तरता दिइँनेछ । सुदूर पश्चिमाञ्चलका धनगढी, अत्तरिया, भिमदत्त र झलारी नगरपालिकामा एकीकृत सहरी पुर्वाधार विकास कार्यक्रम प्रारम्भ गरिनेछ । काठमाण्डौं उपत्यका, लुम्विनी, निजगढ तथा भूकम्पबाट अति प्रभावित जिल्लाहरुमा स्मार्ट सिटीको गुरुयोजना तर्जुमा गरिनेछ । भूकम्प प्रतिरोधात्मक हरित सहरहरु निर्माण प्रक्रिया अघि बढाइँनेछ । पूर्वाञ्चलको दमक र मध्यपश्चिमाञ्चलको कोहलपुरलाई हरित नगरपालिकाको रुपमा विकास गरिनेछ ।

५९. सन् २०१७ सम्म सबैलाई आधारभूत स्तरको खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउँने गरी खानेपानी तथा सरसफाइका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । तराई-मधेशका सबै गाउँ वस्तीहरुमा आर्सेनिकमुक्त खानेपानी सेवा सुनिश्चित गर्न आर्सेनिक निवारण खानेपानी आयोजना सञ्चालन गरिनेछ ।

६०. मेलम्ची खानेपानी आयोजनाको सम्पूर्ण कार्य सन् २०१६ भित्र सम्पन्न गर्ने गरी कार्यसम्पादन गरिनेछ । यस आयोजनाको दोश्रो चरणमा याङग्री र लार्के नदीहरूबाट दैनिक थप चौतिस करोड लिटर पानी काठमाण्डौ उपत्यकासम्म ल्याउँन हेडवर्क्स र सुरुङ्ग निर्माण कार्यको बिस्तृत अध्ययन शुरु गरिनेछ । काठमाडौं उपत्यकाको ढलको

उचित व्यवस्थापन गरिनेछ । वाग्मती नदीको सुन्दरीजलदेखि सुन्दरीघाटसम्मको क्षेत्रमा ढल निर्माण सम्पन्न गरी अन्य सहायक नदीलाई ढलमुक्त बनाउँने कार्यक्रम ल्याइँनेछ ।

६१. जिल्लास्तरीय कार्यक्रमहरु स्थानीय तहबाट नै सम्पादन हुने प्रणालीको अवलम्बन गरिनेछ । स्थानीय तहमा निर्मित ग्रामीण सडकहरुमा बाह्रै महिना यातायात सञ्चालन गर्ने गरी स्तरोन्नति गरिनेछ । अत्यावश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्रता दिइँनेछ ।

६२. गाऊँ विकास समितिहरुको विद्यमान संख्यालाई जनसंख्या, भूगोल तथा पूर्वाधार समेतको आधारमा एक आपसमा गाभी सवल स्थानीय निकायमा रुपान्तर गर्न गाभिएका गाऊँ विकास समितिलाई प्रोत्साहन स्वरुप थप अनुदान दिनुका साथै बिषयगत निकायहरुको सेवाको विस्तार गरिनेछ । यसरी गाभिने गाऊँ विकास समितिहरुलाई क्रमशः गाउँपालिका वा नगरपालिकामा रुपान्तरण गरिनेछ ।

६३. मानव वेचविखन तथा ओसार पसार जस्ता गम्भीर अपराधिक कृयाकलापलाई दुरुत्साहन गर्न केन्द्रदेखि गाउँस्तरसम्मका संरचनाको परिचालनलाई प्रभावकारी बनाइँनेछ । लैङ्गिक हिंसा नियन्त्रण गर्ने व्यवस्था मिलाइँनेछ । भूकम्पका कारण जोखिममा परेका एकल महिला तथा किशोरीहरुलाई जीवनोपयोगी सीप विकास तालिम दिइँनेछ । काठमाडौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाई यस अभियानलाई क्रमशः अन्य प्रमुख शहरहरुमा समेत विस्तार गरिनेछ ।

६४. जोखिममा रहेका बालबालिकालाई शिक्षाका लागि स्थानीय आवासीय विद्यालयमा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । बालश्रम निवारण गर्न सघन अनुगमन गरिनेछ । समावेशी तथा लैङ्गिकमैत्री रोजगार कार्यक्रम सञ्चालन गरी एकल महिला, दलित, अपाङ्ग, जनजाति, द्वन्द्व पीडित एवं सामाजिक र आर्थिकरुपले पछाडि परेका वर्ग र समुदायको क्षमता अभिबृद्धि गरिनेछ ।

६५. पूर्ण अशक्त, विपन्न र बेसहारा अपाङ्गता भएका व्यक्तिहरुको दीर्घकालीन पुनर्स्थापना कार्यलाई विस्तार गरिनेछ ।

६६. ज्येष्ठ नागरिकलाई पारिवारिक वातावरणमा बस्न सक्ने बनाउँन परिवारको भूमिका र जिम्मेवारी अभिबृद्धि हुने कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ । ज्येष्ठ नागरिकले पाउँने सामाजिक सुरक्षा भत्तालाई बृद्धि गरिनेछ । जेष्ठ नागरिकलाई अस्पताल र यातायात क्षेत्रमा सहुलियत दिने नीतिलाई थप विस्तार गरिनेछ ।

६७. सामाजिक संघ संस्थाहरुको काम कारवाहीलाई व्यवस्थित, पारदर्शी तथा मर्यादित बनाउँन एउटै निकायअन्तर्गत त्यस्ता संस्था दर्ता तथा नियमन हुने गरी संस्था दर्तासम्बन्धी विद्यमान कानूनलाई प्रतिस्थापन गरिनेछ ।

## सभामुख महोदय,

६८. पशुपति क्षेत्रको धार्मिक तथा साँस्कृति सम्पदाको संरक्षण गर्दै पर्यटकहरुका लागि बढी आकर्षक र सुविधाजनक बनाइँनेछ । पाथिभरा, हलेसी महादेव, बराह क्षेत्र, रिडी, सहलेस फुलवारी, गढीमाई, सिम्रौनगढ, देवघाट, मुक्तिनाथ, मनकामना, स्वर्गद्वारी, श्रीस्थानपञ्चकोशी र बडिमालिकाको पूर्वाधार विकास र प्रवर्दन कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइँनेछ । पोखरामा सिद्धार्थ-यशोधरा स्मारक बनाई वुद्धिष्ट सर्किटमा आवद्ध गर्नुका साथै कला, साहित्य तथा सिर्जना उद्यान निर्माण गरिनेछ ।

६९. देशभित्र रहेका भाषा, साहित्य, इतिहास, ललितकला, संगीत, नाट्यविधा जस्ता विषयहरुको अनुसन्धान र प्रवर्दन गर्न नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानलाई सुदृढ गरिनेछ । भाषा, साहित्य, ललितकला, संगीत र नाट्य क्षेत्रका स्रष्टाहरूलाई सम्मान एवं कदर गरिनेछ । झापाको दमकमा गौतम बुद्धको नेपालकै विशाल मूर्ति स्थापना गरिनेछ ।

७०. नेपालमा अधिकांश सम्पदाहरु सुरक्षित रहेको, नेपाल भ्रमण गर्न सुरक्षित रहेको, भूकम्प पश्चातको यथार्थ अवस्थाको जानकारी प्रवाह गर्ने कार्यलाई कूटनितिक नियोग र गैर आवासीय नेपाली मार्फत अभियानको रुपमा सञ्चालन गरिनेछ । छिमेकी मुलुकहरु चीन र भारत लगायत अन्तर्राष्ट्रिय बजारमा नेपालका पर्यटकीय स्थलहरूको प्रवर्द्धन र बजारीकरण गरिनेछ ।

७१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार र सेवा सुविधालाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम स्तरोन्नति गरिनेछ । यस विमानस्थलमा हवाई ट्राफिकको चापलाई कम गर्न आन्तरिक वायु सेवा कम्पनीहरूलाई काठमाडौं वाहिरका विमानस्थलमा सञ्चालन आधारस्थल तोकी हवाई सेवा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

७२. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण तोकिएकै समयमा सम्पन्न गर्नुका साथै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि बाँकी प्रकृया पूरा गरी निर्माण कार्यको थालनी गरिनेछ । बाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि जग्गा प्राप्ति एवं सीमाङ्कन कार्य सम्पन्न गरी निर्माण कार्य अघि बढाइँनेछ । विभिन्न

पर्यटन स्थललाई केन्द्रीत गरी निर्माण शुरु गरिएका विमानस्थलहरुको निर्माण कार्य सम्पन्न गरिनेछ ।

७३. आन्तरिक विमानस्थलहरूलाई भौतिक पूर्वाधार, हवाई ट्राफिकको घनत्व र भावी व्यावसायिक सम्भावना समेतलाई दृष्टिगत गरी पुनः वर्गीकरण गरिनेछ । विमानस्थलको निर्माणको संभाव्यता अध्ययन गरी दुर्गम पहाडी जिल्लाहरुमा एक जिल्ला एक हवाई मैदान स्थापना गरिनेछ ।

७४. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको उड्डयन सुरक्षा चासोलाई सम्बोधन गरी नेपालको उड्डयन सुरक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाइँनेछ । नेपाल वायुसेवा निगममा रणनीतिक साझेदार भित्र्याउँने प्रक्रिया अगाडि बढाइँनेछ ।

७५. रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्थामा परिणत गर्नुका साथै प्रसारणलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ । विद्युतीय सञ्चार माध्यम समेत समावेश गरी आम सञ्चार नीति तर्जुमा गरिनेछ ।

७६. ग्रामीण दूरसञ्चार विकास कोष मार्फत अप्टिकल फाइबरको सञ्जाललाई देशव्यापी बिस्तार गरिनेछ । भूकम्पबाट प्रभावित जिल्लाहरुमा ब्रोडब्याण्ड इन्टरनेट सुविधा उपलब्ध गराउँन यस कोषको परिचालन गरिनेछ । अप्टिकल फाइबर पुऱ्याउँन कठिन हुने स्थानहरूमा ताररहित प्रविधि मार्फत ईन्टरनेट सेवा पुऱ्याइँनेछ । अन्तरिक्षमा नेपालको आफ्नै भू-उपग्रह स्थापना सम्बन्धी संभाव्यता अध्ययन सम्पन्न गरिनेछ ।

७७. अनलाईन मिडिया सञ्चालनलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गरिनेछ सञ्चार जगतको आचार संहितामा संशोधन गरी सूचनाको संप्रेषणलाई विश्वसनीय र मर्यादित बनाइँनेछ । एकसय वाट क्षमता सम्मको एफएम रेडियोहरुको नवीकरण सम्बन्धित जिल्लाबाटै हुने व्यवस्था गरिनेछ । सूचनाको हकको संरक्षण गर्न राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गरिनेछ ।

७८. हुलाक सेवालाई आधुनिक र सूचना प्रविधिमा आधारित सेवामा रुपान्तरण गरिनेछ । सुरक्षण मुद्रण सम्बन्धी कार्य स्वदेशमै गर्न कानूनी व्यवस्था गरिनेछ । राष्ट्रिय समाचार समिति र गोरखापत्र संस्थानको क्षमता अभिबृद्धि गरी आत्मनिर्भर सञ्चार माध्यमको रुपमा विकास गरिनेछ ।

**सभामुख महोदय,**

७९. शिक्षा ऐनमा परिमार्जन गर्नुका साथै शिक्षा क्षेत्रको पुन:संरचना तथा गुणस्तरीय शिक्षाका लागि **अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन** गरिनेछ । उच्च शिक्षाको गुणस्तर तथा व्यवस्थापन सुधारको लागि उच्च शिक्षा सुधार योजना कार्यान्वयनमा ल्याइँनेछ ।

८०. हिमाली तथा दुर्गम जिल्ला र तराईका अत्यन्त पिछडिएको क्षेत्रमा रहेका कमजोर, दलित तथा अति विपन्न वर्गलाई लक्षित गरी पायक पर्ने स्थानमा आवासीय विद्यालयहरु सञ्चालनमा ल्याइँनेछ । प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ । भूकम्पबाट क्षतिग्रस्त जिल्लाका अभिभावक गुमाएका र आश्रय विहीन तथा जोखिममा रहेका बालबालिकाको लागि निःशुल्क आवासीय शिक्षाको व्यवस्था गरिनेछ । प्रत्येक विकास क्षेत्रमा एक एक वटा सुविधा सम्पन्न आवासीय विद्यालयहरु सञ्चालन गरिनेछ । सामुदायिक र संस्थागत विद्यालय बीच साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

८१. विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न **एक विद्यालय एक पुस्तकालय तथा एक माध्यमिक विद्यालय एक प्रयोगशाला** कार्यक्रमलाई निरन्तरता दिइँनेछ । शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनलाई नतिजासँग आवद्ध गर्नुका साथै शिक्षकहरुको दरबन्दी पुनरावलोकन गरिनेछ । विश्वविद्यालयको सहयोगमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई राष्ट्रिय स्वंयसेवामा आवद्ध गरिनेछ ।

८२. उच्च माध्यमिक शिक्षालाई क्रमशः प्राविधिक शिक्षातर्फ उन्मुख गरिँदै लगिनेछ । देशभित्र स्वरोजगार सिर्जना तथा उद्यमशीलता विकासगरी राष्ट्रिय उत्पादकत्व बृद्धि गर्न युवारोजगार लक्षित छोटो अवधिको तालिम कार्यक्रमको पहुँच र गुणस्तरमा बृद्धि गरिनेछ । दलित र मुस्लिम छात्राहरु तथा लोपोन्मुख जातिका छात्रछात्राहरुलाई प्राविधिक शिक्षामा विशेष प्रोत्साहन गरिनेछ ।

८३. चिकित्सा शिक्षालाई व्यवस्थित र मर्यादित बनाउँन चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिनेछ । पाँचैवटा विकास क्षेत्रमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्दै जाने नीति लिइनेछ । यसै आर्थिक वर्षदेखि चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा सार्वजनिक अध्ययन संस्था वा प्रतिष्ठानमा नि:शुल्क अध्ययनको व्यवस्था मिलाइँनेछ । कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा पाँचवटै विकास क्षेत्रमा महाविद्यालय स्थापना गर्ने नीति अनुरुप यस आर्थिक वर्षमा एककृषि महाविद्यालय स्थापना गरिनेछ ।

८४. राष्ट्रिय स्वास्थ्य नीति, २०७१ को प्रभावकारी कार्यान्वयन गर्दै आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याइँनेछ । स्वास्थ्य सेवामा जनताको सहज पहुँच

बढाउन **राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम**लाई विस्तार गरिनेछ । ७५ वटै जिल्ला अस्पतालहरुमा गुणस्तरीय सेवा प्रदान गर्न सघन उपचार कक्ष, नवजात शिशु सघन उपचार कक्ष, जेष्ठ नागरिक उपचार कक्ष तथा वृहत् आकस्मिक प्रसुती र नवजात शिशु उपचार केन्द्र स्थापना गरिनेछ ।

८५. जनस्वास्थ्य ऐन तर्जुमा गरी सबैका लागि स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्ने व्यवस्था मिलाईँनेछ । अति दुर्गम क्षेत्रमा एकीकृत स्वास्थ्य सेवा लागु गरिनेछ । अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट चौबिसै घण्टा तोकिएका नि:शुल्क औषधिहरु उपलब्ध हुने व्यवस्था मिलाईँनेछ । यसका लागि औषधि खरिद प्रणालीमा सुधार गरी स्थानीय आवश्यकता अनुरुप औषधि आपूर्तिको व्यवस्था गरिनेछ ।

८६. क्षेत्रीय अस्पतालहरुमा समेत नसर्ने रोगहरुको उपचारको लागि विशेषज्ञ सेवा उपलब्ध गराईँनेछ । महामारी फैलिन सक्ने संक्रमणजन्य रोगको उपचार र नियन्त्रणको लागि पूर्वाधार, मानवस्रोत र प्रयोगशाला सेवाको विस्तार गरिनेछ । स्वास्थ्य संस्थाहरूमा रिक्त पदपूर्ति गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईँनेछ । **"हरेक गाउँ एक डाक्टर पुर्‍याउँ"** अवधारणालाई क्रमशः लागु गरिनेछ । नवजात शिशुको जन्म देखि २८ दिन सम्मको उपचार सेवालाई नि:शुल्क बनाई मातृ र शिशु मृत्युदर कम गरिनेछ । विपद्को समयमा स्वास्थ्य सेवा दिने साधन स्रोत सहितको विशेष समूह बनाईँनेछ । ट्रमा सेवालाई विस्तार गरिनेछ ।

८७. आयुर्वेदिक औषधि तथा जडिवुटीको अनुसन्धान, संकलन तथा प्रशोधन केन्द्र स्थापना एवं जडिवुटी खेती प्रवर्द्धन गरी गुणस्तरीय औषधि उत्पादनमा जोड दिइँनेछ । दुर्गम ठाउँमा आकस्मिक सेवामा एयर लिफ्टिङ्गको माध्यमवाट सेवा उपलव्ध गराइने व्यवस्था हुनेछ । केन्द्रीय, क्षेत्रीय तथा अञ्चल अस्पतालका सेवा विकेन्द्रीकरण गरी विशेषज्ञ सुविधा सहितको स्याटलाइट अस्पताल सञ्चालनमा ल्याईँनेछ । प्रत्येक नगरपालिकामा न्यूनतम पन्ध्र शैयाको अस्पताल स्थापना गरिनेछ ।

८८. युवाहरुलाई व्यावसायिक, रोजगारमूलक र नेतृत्व विकास सम्वन्धी लामो र छोटो अवधिका तालिम प्रदान गरी आत्मनिर्भर बनाईँनेछ । स्वदेशमै रोजगारी तथा स्वरोजगारीका अवसरहरु श्रृजना गरी युवा शक्तिको परिचालन गरिनेछ । भूकम्प प्रभावित क्षेत्रका युवाहरूलाई पुनःनिर्माणका लागि सीपयुक्त बनाई रोजगार बनाईँनेछ । यूथ भिजन-२०२५ लाई लागु गरिनेछ ।

८९. विद्यालयस्तरमा सञ्चालन गरिने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा समावेश हुने खेल संख्यामा थप गरी वढी भन्दा वढी खेलाडीहरुलाई सहभागी हुन अभिप्रेरित गराउँदै

लगिनेछ । काठमाडौंको मूलपानीमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण कार्यलाई तीब्र रुपमा अगाडि बढाउँनुका साथै देशका विभिन्न आठ स्थानमा क्रिकेट मैदान निर्माण गरिनेछ । किर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट मैदानको स्तरबृद्धि कार्य सम्पन्न गरिनेछ । तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितालाई लक्षित गरी काठमाडौंमा पाँच हजार दर्शक क्षमता भएको अन्तर्राष्ट्रियस्तरको कभर्ड हल र नयाँ अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण शुरु गरिनेछ। **एक निर्वाचन क्षेत्र एक खेल मैदान निर्माण** कार्यक्रमलाई निरन्तरता दिइँनेछ ।

९०. स्काउटका क्रियाकलापहरुलाई प्रभावकारी बनाउँन विद्यालयस्तरमा नै स्काउटका तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपदको समयमा आवश्यक सहयोग पुऱ्याउँन तालिम प्राप्त स्काउटहरुलाई स्वयंसेवा गर्ने कार्यमा उत्प्रेरित गरिनेछ ।

९१. एकीकृत सामाजिक सुरक्षा कानून निर्माण गरी एकीकृत कार्यक्रम कार्यान्वयनमा ल्याइँनेछ । रोजगारदाता र श्रमिकहरूकावीच हुने श्रम विवाद समाधान गर्न सरकार, रोगारदाता र श्रमिक सम्मिलित संयन्त्रको व्यवस्था गरिनेछ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरू सञ्चालन गरी कामदार, कर्मचारीको हित र सुरक्षाको प्रत्याभूति गरिनेछ ।

९२. वैदेशिक रोजगारमा जाने नेपाली युवाहरूलाई विभिन्न चरणमा हुने शोषण नियन्त्रण गर्न स्थानीयस्तरसम्म सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । आप्रवासी कामदारहरूको हक, हित, कल्याण र सुरक्षाका लागि प्रमुख गन्तव्य मूलुकहरूसंग द्विपक्षीय श्रम संझौता गरिनेछ । वैदेशिक रोजगारमा गई अशक्त भएका, समस्यामा परेका र हिंसामा परेका कामदारहरूको शीघ्र उद्धारको व्यवस्था मिलाइँनेछ । श्रम वैंक स्थापना सम्बन्धी काम अगाडि वढाइँनेछ ।

## सभामुख महोदय,

९३. नागरिकको मानव अधिकारको रक्षाको लागि सरकार प्रतिवद्ध रहेको छ । गृह प्रशासनको सुदृढीकरण गरी सक्षम र प्रभावकारी बनाइँनेछ । मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधरण जनताले आफ्नो हक अधिकारको निर्वाध उपभोग गर्न सक्ने वातावरण तयार गर्न सबै किसिमका अपराधलाई प्रभावकारी नियन्त्रण गरिनेछ । सूरक्षा प्रत्याभूतिका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

९४. राष्ट्रिय परिचय पत्र बितरण कार्य प्रारम्भ गरी सरकारी निकायहरुबाट वितरण गरिएका सबै परिचय पत्रहरुको सूचना पनि यसै परिचय पत्रमा समाविष्ट गरिनेछ । अन्तर्राष्ट्रिय

मापदण्ड अनुरुप अध्यागमन व्यवस्थामा सुधार गरिनेछ । इ-भिसामा रुपान्तरित हुने गरी अनलाइन भिसा पद्धति यसै आर्थिक वर्षबाट सञ्चालन गरिनेछ ।

९५. विपद् व्यवस्थापन कानूनलाई समयानुकुल बनाइँनेछ । भूकम्पबाट उत्पन्न विपद्को व्यवस्थापनको अनुभव समेतका आधारमा विपद् व्यवस्थापनका लागि केन्द्र र स्थानीय स्तरमा आवश्यक सम्पूर्ण व्यवस्था मिलाइँनेछ । विपद् पूर्व तयारी र विपद् प्रतिकार्य रणनीतिका आधारमा विपद् व्यवस्थापन गरिनेछ ।

९६. विपद् पश्चातको खोज, उद्धार, राहत तथा पुनर्स्थापनाको कामलाई प्रभावकारी बनाउँन सुरक्षा निकायलाई साधन स्रोतले सम्पन्न गर्न प्रत्येक सुरक्षा निकायमा विपद् व्यवस्थापन तालिम केन्द्रको स्थापना गरिनेछ ।

९७. देशभरका कैदीहरुको अनुपातमा कारागारको क्षमता अत्यन्त न्यून रहेको र भएका कारागारहरुको भौतिक अवस्था पनि जीर्ण भएको एवं भूकम्पबाट धेरैजसो कारागारहरुमा क्षति भएकोले कारागार पुननिर्माणसम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। नुवाकोटमा प्रस्तावित केन्द्रीय कारागार तथा बाँकेमा प्रस्तावित क्षेत्रीय कारागार निर्माणको काम प्रारम्भ गरिनेछ । कारागार सम्बन्धी बिद्यमान कानून परिमार्जन गरी खुल्ला कारागार र सुधार गृहका रुपमा कारागार ब्यवस्थापन सम्बन्धी नवीन अबधारणाहरु कार्यान्वयनमा ल्याइँनेछ ।

९८. नागरिकलाई प्रभावकारी रुपमा सेवा प्रवाह गर्न एकीकृत सेवा केन्द्रहरु स्थापना गरिनेछ । सुरक्षा निकायहरुलाई प्रत्येक सदरमुकाममा व्यारेक र आवास व्यवस्था गरिनेछ । काभ्रेपलाञ्चोकको पनौतीमा प्रस्ताबित प्रहरी एकेडेमी तथा काठमाण्डौको मातातीर्थमा सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानको निर्माण कार्य अघि बढाइँनेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागमा आवश्यक दरबन्दी थप गरिनेछ । सबै जिल्ला प्रशासन कार्यालयहरुलाई सशक्तिकरण गर्दै सुशासनयुक्त बनाउँन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## सभामुख महोदय,

९९. नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र स्वतन्त्रतालाई अक्षुण राख्दै सयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलको सिद्धान्त र अन्तरार्ष्ट्रिय कानूनको आधारमा परराष्ट्र नीति सञ्चालन गरिनेछ । सबै मित्रराष्ट्रहरू र खास गरी छिमेकी मुलुकहरु भारत र चीनसँगको मैत्रीपूर्ण सम्बन्धलाई पारस्परिक हित, समानता, सहयोग र सौहार्द्रताका आधारमा अझ सुदृढ गरिनेछ । राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिबीच सामञ्जस्यता कायम गरिनेछ । कूटनीतिक आचारसंहिता, २०६८ मा सामयिक संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१००. विभिन्न मुलुकमा रहेका नेपाली नियोगहरुलाई साधनस्रोत बढाई प्रभावकारी रुपमा परिचालन गरेर आर्थिक कूटनीतिलाई परिणाममुखी बनाईँनेछ । गैर-आवासीय नेपालीहरुको पूँजी, सीप र लगानी देशको आर्थिक, सामाजिक विकासमा उपयोग गर्ने नीति लिइनेछ । बिमस्टेकको चौथो शिखर सम्मेलनको तयारीलाई अगाडि बढाइँनेछ ।

१०१. सन् २०१५ भित्र प्रत्यक्ष दर्ता प्रणाली लागु गरी सम्पूर्ण हस्तलिखित राहदानीलाई मेसिन रिडेवलमा प्रतिस्थापन गरी विद्युतीय राहदानी प्रणाली लागु गर्न आवश्यक तयारी पुरा गरिनेछ ।

१०२. नेपालको हित अनुकुल हुने गरी आवश्यकताका आधारमा विभिन्न मुलुकसँग कूटनीतिक सम्बन्ध विस्तार गरिनेछ ।

१०३. निजामती प्रशासनको संरचनालाई संघीयता अनुकूल हुने गरी पुनर्संरचनाको आवश्यक पूर्वतयारीको लागि संक्रमणकालीन व्यवस्थापनको योजना तयार गरिनेछ । प्रशासन सुधार सम्बन्धी प्रतिवेदनमा रहेका सुझावहरुलाई कार्यान्वयन गर्दै लगिनेछ । सार्वजनिक निकायले प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी, विश्वसनीय र भरपर्दो बनाउँन विद्युतीय शासन प्रणालीको उपयोग र विस्तार गरिनेछ ।

१०४. निजामती कर्मचारी कल्याणकारी कोष स्थापना र कर्मचारी स्वास्थ्य वीमाको कार्यक्रम कार्यान्वयनमा ल्याइँनेछ । सेवा निवृत्त राष्ट्र सेवकहरुको ज्ञान, सीप र क्षमतालाई नेपाल सरकारको नीति तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं सार्वजनिक सेवाको प्रभावकारीता अभिबृद्धि गर्ने गरी राष्ट्र निर्माणको क्षेत्रमा उपयोग गरिनेछ ।

१०५. कर्मचारी छनौटमा आधुनिक प्रविधि उपयोग गरिनुका साथै लोक सेवा आयोगमा आवेदन फाराम अनलाइनबाटै भर्ने व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

१०६. जनसाधारणको न्यायमा सहज पहुँचलाई सुनिश्चित र अनुभूत गराउँन निःशुल्क कानुनी सहायतालाई प्रभावकारी बनाउँने उपायहरु अबलम्बन गरिनेछ । न्याय सम्पादनलाई निरन्तर, प्रभावकारी र विश्वसनीय बनाउँन न्यायपालिकाको रणनीतिक योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । न्यायपालिकालाई साधनस्रोत र प्रविधियुक्त बनाइँनेछ । कानुनी राज्यको अवधारणा अनुकूल देवानी तथा फौजदारी न्याय प्रणालीको सुदृढीकरण लगायत आवश्यक कानूनी सुधार गरिनेछ।

१०७. निर्वाचन सम्बन्धी एकीकृत कानून तर्जुमा गरिनेछ । राजनीतिक दलहरूको खर्चको विवरणमा पारदर्शिता सुनिश्चित गर्न राजनीतिक दल सम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गरिनेछ । फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरी स्थायी प्रकृतिको मतदाता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइँनेछ । विदेशमा

रहेका नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गर्न मतदाता दर्ता प्रक्रियाको थालनी गरिनेछ ।

१०८. पूर्व राजपरिवारको नाममा रहेको सम्पत्तिको जानकारी दिनेलाई प्रोत्साहित गरिनेछ । नेपाल ट्रष्टको स्वामित्वमा आएका जग्गा/जमिन, भवन, शेयर र नगद सम्पत्तिलाई सार्वजनिक उपयोगमा ल्याउँन गुरुयोजना निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**सभामुख महोदय,**

१०९. नेपाली जनताले भोगिरहेको संक्रमणकालीन अवस्था र द्वन्द्वको पीडाबाट पूर्णरुपमा मुक्ति नपाउँदै अर्को ठूलो प्राकृतिक विपद्को सामना गर्नुपरेको छ । यस दुखद घडीमा राष्ट्रलाई दिगो शान्तिको मार्गमा अघि बढाउँदै विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण गरी सम्वृद्ध मुलुक निर्माण गर्न सहमति, सहकार्य र आपसी सहयोगको माध्यमबाट अगाडि बढ्नु आजको आवश्यकता हो ।

११०. देश संविधान निर्माणको बाटोमा अग्रसर भएको छ । संविधानको मस्यौदा तयारीबाट मुलुक संविधान सभामार्फत लोकतान्त्रिक संविधान प्राप्त गर्ने नेपाली जनताको चीर प्रतिक्षित चाहना पुरा हुने दिशातर्फ उन्मुख रहेकोछ । नेपाली जनताको यही चाहना अनुरुप सबै राजनीतिक दलहरुसँग संवाद, सहमति र सहकार्य गर्दै छ दशक देखिको जनआकांक्षा अनुरुप संविधान जारी गर्ने कार्यमा नेपाल सरकारको पूर्ण सहयोग रहनेछ । यस गरिमामय संविधानसभा/व्यवस्थापिका-संसद समयमै संविधान निर्माण गरी जनता प्रतिको उत्तरदायित्व एवं जवाफदेहिता निर्वाह गर्न सफल हुने मैले विश्वास लिएको छु ।

१११. संविधान निर्माणसँगै विद्यमान संक्रमणकाल समाप्ति तथा लोकतान्त्रिक अभ्यासको स्वभाविक मार्गमा प्रवेशसँगै मुलुकले दिगो शान्ति, आर्थिक र सामाजिक रुपान्तरणबाट समृद्धि सहितको अग्रगामी-समावेशी शासन प्रणालीलाई नेपालको मौलिक स्वरुपमा अवलम्वन र अभ्यास गर्ने मार्गमा सबैको सक्रिय भूमिकाको मैले अपेक्षा गरेकोछु ।

११२. नेपालको संविधान निर्माण, शान्ति प्रक्रिया एवं आर्थिक तथा सामाजिक विकासमा निरन्तर सहयोग गर्ने र भूकम्प र तत्पश्चातका परकम्पनबाट सृजित विपद्मा खोज, उद्दार र राहतमा जुट्ने सम्पूर्ण राष्ट्रसेवक, राजनैतिक दलहरु, नागरिक समाज, सञ्चार जगत, छिमेकी तथा अन्य मित्रराष्ट्र, संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय समुदाय, निजी क्षेत्र तथा सम्पूर्ण देशवासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै मुलुकको पुनर्निर्माण लगायतका कार्यमा भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**